# पाठ २ तयारी हुनुहोस्

पढ्न शुरू गर्नुभएको दिनलाई के तपाईं याद गर्नुहुन्छ? तपाईंलाई अति नै गाह्रो भएको थियो, के गाह्रो भएको थिएन र? शुरूमा पढ्ने बारेमा तपाईंलाई केही पनि थाहा हुँदैन। तब तपाईंलाई अक्षरहरू पढ़ाउने र चिनाउने काम गरिन्छ। छिट्टै नै तपाईं एउटा शब्द पढ्न सक्नुहुन्छ, त्यसपछि वाक्य पढ्न सक्नुहुन्छ। अलि-अलि गरी तपाईंले पढ्न सिक्नुभयो र अहिलेचाहिँ पढ्नु तपाईंको लागि स्वाभाविक भइसकेको छ।

आफ्नो कामको निम्ति तालीम पाउनुभएको समय पनि तपाईंलाई याद आउँछ होला। एकै दिनमा तपाईंले सबै कुरा सिक्नुभएन। तपाईंले अलि-अलि गरी सिक्नुभयो र आफूले सिक्नुभएको कुरालाई व्यवहारमा लगाउनुभयो र यसरी तपाईंले आफ्नो काम अहिले राम्रोसँग गर्न सक्नुहुन्छ।

तपाईंको ख्रीष्टियान साक्षी पनि यस्तै हो। ख्रीष्टको बारेमा अरूहरूलाई बताउँदैजाँदा तपाईंले सिक्नुपर्ने धेरै कुराहरू त्यहाँ हुन्छन्। मानव-जातिलाई सुसमाचार सुनाउने परमेश्वरको योजनाको बारेमा हामीले पाठ १-मा सिकिसकेका छौं। ख्रीष्टको निम्ति आत्माहरू जित्नका लागि कस्तो किसिमको तयारीको आवश्यकता पर्छ भन्ने सम्बन्धमा अब हामी हेर्नेछौं।




**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ . . .**

ख्रीष्टलाई चिन्न सक्नु
आत्मामा भरिनु
  तपाईंलाई शक्तिको आवश्यकता छ
  तपाईंलाई अगुवाइको आवश्यकता छ
उत्तम साधनहरू प्रयोग गर्नुहोस्।
  आत्माको तरवार
  येशूको नाम

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- व्यक्तिगत सुसमाचार प्रचारको निम्ति आफैलाई तयार पार्नलाई आवश्यकीय आधारभूत कुराहरू बुझ्न।

## ख्रीष्टलाई चिन्न सिक्नु

उद्देश्य १: *हामी ख्रीष्टलाई अझै कसरी चिन्न सक्छौं व्याख्या गर्नुहोस्।*

विशेष उद्देश्यको निम्ति तपाईं र मैले उद्धार पाएका छौं। प्रभुले हाम्रा जीवनमा गर्नुभएका कुराहरू बाँड्न र साक्षी दिनका लागि हामी बोलाइएका हौं। तर ख्रीष्टका लागि साक्षी हुन सक्नुभन्दा पहिले, हामीले उहाँलाई व्यक्तिगत रूपमा चिन्नैपर्छ। उहाँलाई चिन्नका लागि उहाँसँगै समय बिताउन आवश्यक पर्छ। किनकि हामीले नचिनेको व्यक्तिको बारेमा हामी कसरी बताउन सक्छौं र? तपाईंलाई थाहै नभएको घटनाको साक्षी बक्नका लागि के कुनै अदालतले तपाईंलाई बोलाउँछ र?

सारा संसारमा सुसमाचार फैलाउनका निम्ति येशूले आफ्ना चेलाहरूलाई पठाउनुभयो भन्ने कुरा वास्तविक हो। तर आफू पूरै तयारी नहोउञ्जेलसम्म *पर्खनु* भनी उहाँले तिनीहरूलाई भन्नुभयो। र यसरी तयारी हुनका लागि समय लाग्छ।

बाइबलका विशेष पदहरूलाई कण्ठ गर्न वा मानिसहरूलाई सुसमाचार सुनाउने तरीकाहरूका बारेमा अध्ययन गर्न त्यति धेरै समय लाग्दैन होला। अरू सेवकहरूले मानिसहरूलाई कसरी ख्रीष्टमा ल्याउँछन् भनी हेर्न पनि त्यति धेरै समय लाग्दैन होला। तर ख्रीष्टलाई *चिन्नका* लागि सिक्न, उहाँको पुनरुत्थानको शक्ति र प्रेमको गहिराइ जान्नका लागि प्रभुको स्कूलमा पूरै जीवन बिताउनुपर्छ। उहाँको निम्ति काम गर्दा, हामी उहाँलाई अझै राम्रोसँग चिन्न चाहन्छौं।

प्रेरित पावल पौलसले यस बारेमा कोरिन्थको मण्डली अर्थात् एकलेसियालाई लेखेका छन्। येशू ख्रीष्ट र उहाँलाई

क्रूसमा टाँगिएको कुराबाहेक अरू केही नजानेकोजस्तो हुन आफू चाहेको कुरा उनले बताएका छन् (१ कोरिन्थी २:२ हेर्नुहोस्)।

चेलाहरूले सिक्ने काममा समय बिताएका थिए। र यो सिक्ने समयचाहिँ आफ्ना प्रभु ख्रीष्टको बारेमा सुसमाचार फैलाउनमा भएको तिनीहरूका सफलताको मुख्य रहस्य थियो। ख्रीष्टले आफ्ना चेलाहरूलाई बोलाउनुभएको दिनदेखि नै तिनीहरूले उहाँमा विश्वास गरेका थिए भन्ने सम्बन्धमा मलाई कुनै शङ्का छैन। केही क्षणमा नै येशूमा विश्वास गरी उहाँलाई ग्रहण गर्न सकिन्छ। तर जसरी एकै दिनमा बालक बढ़ेर हिँड्न सक्दैन, त्यसै गरी येशूलाई चिन्नका लागि पनि चेलाहरूलाई लामो समय लागेको थियो। यसो गर्नका लागि तिनीहरूलाई पूरै जीवनभरि नै लाग्यो!



विवाहको भोजमा येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो भनी हामी बाइबलमा पढ्छौं। जब उहाँका चेलाहरूले यो देखे, तिनीहरूले उहाँमा विश्वास गरे। जब उहाँले हूरी-बतास र मडारिएको समुद्रलाई आज्ञा गर्नुभयो, तब बतास थामियो र समुद्र शान्त भयो। तब उहाँका चेलाहरू दङ्ग परेर आफ्नै बीचमा प्रश्न गरे, "यी मानिस को हुन्?" (मर्कूस ४:४१)। त्यस दिन पनि उनीहरूले उहाँलाई अझै चिन्न सके। तिनीहरूले उहाँको शक्तिलाई अझै देखे। आफ्ना प्रभुको असीमित शक्तिको यस ज्ञानले तिनीहरूलाई शान्ति दियो।

पृथ्वीमा भएको येशूको सेवाको अन्तमा धेरै चेलाहरूले येशूलाई छोड़े भनी बाइबलले बताउँछ। तर उहाँलाई राम्रोसँग चिन्ने १२ जनाहरूले चाहिँ यसो गरेनन्। सबैको प्रतिनिधित्व गरेर पत्रुस अर्थात् पत्रसले उहाँलाई भने, "प्रभु हामी तपाईंलाई छोड्न सक्दैनौं। तपाईंसँग जीवनका वचन छन् भन्ने कुरा हामीलाई थाहा छ।" (यूहन्ना ६:५८ पढ्नुहोस्।) यो ज्ञानले नै तिनीहरूलाई आफ्ना प्रभुको नजीक राखेको थियो।

थोमा अर्थात् थोमास नाउँ भएका एक जना चेला, आफूले विश्वास गरेका येशूको मृत्युको कारण छक्क परेका थिए। एकै रातमा उनी शङ्कालु बने। ख्रीष्ट मृतकबाट बौरिउठ्नुभयो भन्ने सत्यतालाई उनले स्वीकार गरेनन्। तर ख्रीष्टले आफैलाई थोमाकहाँ प्रकट गराउनुहुँदा, उनले घोप्टो परेर यसो भने, "मेरा प्रभु र मेरा परमेश्वर" (यूहन्ना २०:२८)। ख्रीष्टको बारेमा भएको त्यस व्यक्तिगत ज्ञानले उनलाई आफ्ना प्रभुको नजीक ल्याएको थियो।

रूप परिवर्तन भएको पहाड़मा पत्रुस अर्थात् पत्रसले येशूको सबै महिमा देखेका थिए (लूका ९:२९)। परमेश्वरले आफ्ना पुत्र येशूको साँचो स्वभाव उनलाई प्रकट गरिदिनुभयो। अरू विश्वासीहरूलाई सहायता गर्नू भनी येशूले उनलाई तीन पल्ट आज्ञा दिनुभयो। येशूको नाउँको सम्बन्धमा उनले शक्ति र

अधिकारसाथ बोलेका थिए। र पनि उहाँको प्रेमको क्षेत्र र महानतालाई उनले बुझेका थिएनन्। मानिसहरू जुनसुकै जाति वा रङ्गका भए पनि उहाँको प्रेमचाहिँ सबैको लागि हो भन्ने कुरा उनले बुझेका थिएनन्। पत्रुसलाई कर्नेलियसको घरमा लानका लागि परमेश्वरलाई कठिन परेको थियो। परमेश्वरले सबैसँग समान व्यवहार गर्नुहुन्छ भन्ने कुरा पत्रुसले त्यस बेलासम्म महसूस गरेका थिएनन् (प्रेरित १०:३४)।

यसरी येशू ख्रीष्टसँग हुने, उहाँको आवाज सुन्ने निरन्तरिय अनुभवद्वारा नै चेलाहरूले उहाँलाई वास्तवमा चिनेका थिए। अरूहरूलाई उहाँका बारेमा बाँड्नुभन्दा पहिले हामीले पनि उहाँलाई त्यसै गरी चिन्नुपर्छ।

## तपाईंको अभ्यासको निम्ति

१ यस प्रश्नका ठीक उत्तरहरूका अगाड़िका अक्षरहरूमा घेरा लगाउनुहोस्ः हामीले उत्तम तरीकाले ख्रीष्टलाई कसरी चिन्न सक्छौं?

**क**) उहाँसँग समय बिताएर।

**ख**) पदहरू कण्ठ गरेर

**ग**) मानिसहरूका जीवनमा उहाँले कसरी काम गर्नुभयो सो हेरेर।

**घ**) उहाँको आवाज सुनेर।

**ङ**) उहाँसँग कुराकानी गरेर।

**च**) मानिसहरूसँग कुराकानी गर्नका लागि विभिन्न तरीकाहरूका बारेमा अध्ययन गरेर।

२ ख्रीष्टलाई अझै राम्रोसँग चिन्दा चेलाहरूले सिकेका दुइ कुराहरूको सूची बनाउनुहोस्।
तिनीहरूले उहाँको.................................... र उहाँको
........................................ बारेमा सिके।

३ वास्तवमा ख्रीष्टलाई चिन्नका निम्ति कुनै पनि व्यक्तिलाई कति समय लाग्छ? ...............................................

☞ तपाईंका उत्तरहरू जाँच्नुहोस्।

---

## आत्मामा भरिनु

---

उद्देश्य २: *व्यक्तिगत सुसमाचार प्रचारमा पवित्र आत्माले तपाईंलाई कसरी सहायता पुऱ्याउन सक्नुहुन्छ वर्णन गर्नुहोस्।*

### तपाईंलाई शक्तिको आवश्यकता छ

ख्रीष्टको निम्ति हाम्रो व्यक्तिगत ख्रीष्टियान सेवामा नतिजाहरू देख्नका लागि तपाईं र मलाई शक्तिको आवश्यकता पर्छ। ख्रीष्टले आफ्नो सेवा शुरू गर्नुभन्दा पहिले उहाँलाई पवित्र आत्माको शक्ति दिइएको थियो (लूका ४:१८ हेर्नुहोस्।) आफ्ना चेलाहरूले समस्याहरूको सामना गर्नुपर्छ र उनीहरूलाई सहायताको आवश्यकता छ भन्ने कुरा येशूलाई थाहा थियो।

तिनीहरूलाई छोड़ी आफ्ना पिताकहाँ फर्केर जानुभन्दा पहिले, उहाँले भन्नुभयो, "तर पवित्र आत्मा तिमीहरूकहाँ आउनुभएपछि तिमीहरूले *शक्ति* पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)।

हामीलाई साहस र शक्ति दिनको निम्ति पवित्र आत्मा पठाइनुभएको छ। ख्रीष्टको निम्ति भएको हाम्रो दैनिक व्यक्तिगत गवाहीमा उहाँले हामीलाई सहायता गर्नुहुन्छ।

ई.स. १९६५-मा म कलेजमा अध्ययन गर्ने विद्यार्थी थिएँ र त्यस बेला मेरो देशले ठूलो आत्मिक जागृतिको अनुभव गऱ्यो। हप्ताको अन्तमा हामी साक्षी दिनका लागि बाहिर जाने गर्थ्यौं। धेरै मण्डलीहरू वृद्धि भएका र धेरै नयाँ मण्डलीहरू शुरू भएका हामीले देख्यौं। पवित्र आत्माको शक्तिले नै यो कार्य भएको थियो।



तर "कसरी म पवित्र आत्माले भरिन सक्छु" भनी तपाईंले मलाई प्रश्न गर्नुहोला। प्रभुको अगाड़ि आफ्नो हृदयलाई खोल्नुहोस्, आफ्नो कमजोरी र अरूहरूलाई सुसमाचार सुनाउने आफ्नो इच्छाको बारेमा उहाँलाई बताउनुहोस्। उहाँले तपाईंलाई आफ्ना आत्मा र शक्तिले भर्नुहुनेछ र कामको निम्ति आफू सक्षम भएको आनन्द तपाईंले प्राप्त गर्नुहुनेछ। येशू ख्रीष्टमा विश्वास गर्ने सबैका निम्ति यो प्रतिज्ञा दिइएको छ। (प्रेरित २:१-४,३९ हेर्नुहोस्।)

**तपाईंको अभ्यासको निम्ति**

तल कोष्ठमा दिइएका दुइवटा उत्तरहरूबाट सबैभन्दा ठीक उत्तर छान्नुहोस् र तलका खाली ठाउँमा लेख्नुहोस्।

४ पवित्र आत्माको भरपूरि पाएपछि सामान्य नतिजाचाहिँ हामी ........................ (शक्ति\सुसमाचार) प्राप्त गर्छौं र ..................... (प्रेरितहरू\साक्षीहरू) बन्छौं।

५ पवित्र आत्माको भरपूरि नहोउञ्जेलसम्म पर्खनु भनी येशूले आफ्ना चेलाहरूलाई आज्ञा गर्नुभयो। उहाँले यसो गर्नुभयो, किनकि तिनीहरूले .................................. (धेरै कुरा सिक्नुपर्छ\समस्याहरू सामना गर्नुपर्छ) भनी उहाँलाई थाहा थियो र यसरी तिनीहरूलाई .............................. (पुस्तकहरू\सहायता)-को आवश्यकता पर्छ।

☞ तपाईंका उत्तरहरू जाँच्नुहोस्।

**तपाईंलाई अगुवाइको आवश्यकता छ**

सारा संसारभरि *जानू* भनी येशूले आज्ञा दिनुभएको छ। उहाँको काम गर्ने जग्गा ठूलो छ। समय खेर फाल्नबाट जोगिनलाई, तपाईं र मलाई पवित्र आत्माको अगुवाइको आवश्यकता पर्छ। येशूले आफ्ना चेलाहरूलाई निश्चयता दिनुभएको छ कि पवित्र आत्मा आउनुभएपछि उहाँले तिनीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ (यूहन्ना १६:१३)।

सबै ठाउँका मानिसहरूले अगुवाइ चाहन्छन्। कोही-कोही अगुवाइका निम्ति आफ्ना पितृहरूलाई पुकार्छन्। अरूहरूले ताराहरू, सूर्य वा चन्द्रमाबाट अगुवाइ प्राप्त गर्ने कोशिश गर्छन्। तर उहाँको सेवा गर्नको लागि हाम्रो अगुवाइचाहिँ परमेश्वरबाट आउँछ। उहाँले हामीलाई जहाँसुकै लानु भए तापनि, उहाँले ठीक ठाउँमा लानुभएको छ भन्ने कुरा हामीलाई थाहा हुन्छ, किनकि उहाँ नै बाटो हुनुहुन्छ। भूईंमा नउत्रञ्जेलसम्म हवाइजहाजलाई अँध्यारो र कालो बादलबाट लान सकिएझैं उहाँले पनि हामीलाई ठीक समयमा ठीक व्यक्तिहरूकहाँ लैजानुहुन्छ।

पवित्र आत्माले फिलिपलाई उजाड़-स्थानतर्फ डोऱ्याउनुभयो, जहाँ आत्मिक रूपमा भोको र खोजतलाश गर्ने व्यक्ति थिए (प्रेरित ८:२६)। पवित्र आत्माले प्रेरित पावललाई ठीक ठाउँमा डोऱ्याउनुभयो, र यसरी उनले माकेडोनियाबाटको मानिसको चित्कार सुनी उनलाई सहायता गर्न सके (प्रेरित १६:६)।

ई.स. १९२१-मा परमेश्वरले पवित्र आत्माद्वारा एसेम्बली अफ गड मिशनरीहरूलाई पश्चिम अफ्रिकाको सिएरा लिओने देशमा जानका लागि अगुवाइ गर्नुभयो। त्यहाँबाट तिनीहरू फ्रेन्च भाषा बोल्ने गुडनिया, माली र पश्चिम अफ्रिकाको बीचमा पर्ने अप्पर भोल्टा देशसम्म पुगे।

यदि यी मिशनरीहरूलाई पवित्र आत्माले अगुवाइ नगर्नुभएको भए यिनीहरू कुनै पनि देशमा गएर अड़िन सक्थे। तर तिनीहरूले पवित्र आत्माको अगुवाइलाई पछ्याएका हुनाले अप्पर भोल्टाका धेरै मानिसहरूले येशूलाई विश्वास र ग्रहण गरे। अनि यी नयाँ ख्रीष्टियानहरूद्वारा नै येशूको सुसमाचार प्राय:जसो सबै छिमेकी देशहरूमा फैलियो।

ख्रीष्टको सुसमाचार सुनाउँदा सुन्न चाहने व्यक्तिहरूकहाँ अगुवाइ गर्नुहोस् भनी पवित्र आत्मासँग बिन्ती गर्नुहोस्। म जन्मनुभन्दा पहिल्यै परमेश्वरले मानिसहरूलाई त्यस देशमा जानका लागि अगुवाइ गर्नुभएको हुनाले मैले येशूलाई चिन्न पाएकोमा म अति नै खुशी छु।

**तपाईंको अभ्यासको निम्ति**

६ **हो** वा **होइन** लेखेर यी प्रश्नहरूको जवाफ दिनुहोस्।

**क**) जीवनमा के गर्नुपर्छ भन्ने सम्बन्धमा के हाम्रा पितृहरूले हामीलाई सहायता गर्न सक्छन्? ..............................

**ख**) हामीले निर्णय बनाउनुपर्दा अगुवाइको लागि के हामीले ताराहरूको अध्ययन गर्नुपर्छ? ..............................

**ग**) यदि हामीले पवित्र आत्मासँग बिन्ती गऱ्यौं भने के उहाँले सधैं हामीलाई अगुवाइ गर्नुहुन्छ? .....................

७ पवित्र आत्माले आफूलाई अगुवाइ गर्न दिएको तीन भिन्नाभिन्नै समयहरूका बारेमा हामीले कुराकानी गरेका छौं। प्रत्येक समयमा नतिजाचाहिँ कस्तो थियो? ..............................

☞ तपाईंका उत्तरहरू जाँच्नुहोस्।

## उत्तम साधनहरू प्रयोग गर्नुहोस्।

उद्देश्य ३: *शैतानको विरोध गर्न र येशूको सुसमाचार सुनाउनको निम्ति कस्ता हतियार (साधन)-हरूको आवश्यकता पर्छ व्याख्या गर्नुहोस्।*

### आत्माको तरवार

मेरा मानिसहरूका बीचमा यस्तो उखान छ, "खाली हातले सर्पलाई मार्दैन।" येशूले हामीलाई खाली हात लिएर संसारमा पठाउनुभएको छैन। काम गर्नका निम्ति उहाँले हामीलाई हतियारहरू दिनुभएको छ। यो कार्य महान् छ, तर हाम्रो आफ्नै शक्तिले हामी यो गर्न सक्दैनौं।



ख्रीष्टको सुसमाचार बाँड्नबाट कसैले हामीलाई रोक्ने कोशिश गर्छ। त्योचाहिँ शैतान हो। परमेश्वरको इच्छा पूरा गर्नका लागि त्यसले पहिलो मानिस आदमलाई रोकेको थियो। परमेश्वरको आज्ञा पालन गर्नबाट त्यसले इस्राएलका मानिसहरूलाई रोकेको

थियो। मानिसहरूसँग परमेश्वरको प्रेम बाँड्नबाट पनि त्यसले ख्रीष्टलाई रोक्ने कोशिश गरेको थियो। येशूले त्यससँग युद्ध गर्नुभयो र त्यसलाई जित्नुभयो। शैतानसँग युद्ध गर्नका लागि येशूले के प्रयोग गर्नुभयो?

उहाँले परमेश्वरको वचन प्रयोग गर्नुभयो, जसलाई "आत्माको तरवार" भनिन्छ। यदि हामीले आत्माको तरवार प्रयोग गर्‍यौं भने, हामीले पनि शैतानमाथि विजय प्राप्त गर्छौं। हिब्रू ४:१२-मा हामी यसरी पढ्छौं:

> किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।

आफू उजाड़-स्थानमा परीक्षित हुँदा येशू आफैले पनि यो तरवार प्रयोग गर्नुभयो (मत्ती ४:४)।

स्तिफनसले पनि यही तरवार प्रयोग गरेर उनलाई दोष लगाउनेहरूलाई क्रोधित र अलमलमा पारेका थिए (प्रेरित ७:५४)।

पावल अर्थात् पौलसले एफिसीहरूलाई पत्र लेखेर परमेश्वरका हतियार धारण गर्ने सम्बन्धमा अर्ती दिएका छन्। शैतानको विरुद्धमा हुने युद्ध ठूलो छ। हामी मानिसहरूका विरुद्धमा युद्ध गरिराखेका छैनौं, तर दुष्ट आत्मिक शक्तिहरूका विरुद्धमा युद्ध गरिराखेका छौं। आफ्ना शत्रुहरूबाट सुरक्षित हुनका लागि हतियार भिर्ने सिपाहीको उदाहरण पावलले दिएका छन्। एफिसी ६:१४-१७-मा उनले हतियारको सूची दिएका छन्। हामी यसको सूची यहाँ बनाई प्रस्तुत गर्छौं:


धार्मिकताको
छाती-पाता
मुक्तिको टोप
सत्यताको
कम्मर-पेटी
विश्वासको
ढाल
आत्माको
तरवार
मिलापको
सुसमाचारका
जुत्ता

| | | |
|---|---|---|
| सत्यता | → | कम्मर-पेटी |
| धार्मिकता | → | छाती-पाता |
| सुसमाचार सुनाउन तयार | → | जुत्ता |
| विश्वास | → | ढाल |
| मुक्ति | → | टोप |
| परमेश्वरको वचन | → | आत्माको तरवार |

जब तपाईंले येशूलाई मुक्तिदाताका रूपमा ग्रहण गर्नुभयो, तपाईंले *मुक्तिको* टोप पाउनुभयो। तपाईंको विश्वास तपाईंको *ढाल* हो। जब तपाईंले सत्य बोल्नुहुन्छ, तपाईंले *कम्मर-पेटी* लगाउनुभएको हुन्छ। तपाईंको नयाँ जीवन शुद्ध र पवित्र हुन्छ। योचाहिँ तपाईंको धार्मिकताको *छाती-पाता* हो। तपाईंका *जुत्ताहरू* ख्रीष्टको बारेमा सुसमाचार सुनाउने तपाईंका इच्छाहरू हुन्। बाइबलचाहिँ *आत्माको तरवार* हो। जब तपाईं सबै हातहतियारहरू धारण गर्नुहुन्छ, तपाईंले युद्ध जित्नुहुनेछ।

**येशूको नाम**

येशू ख्रीष्टको बारेमा सुसमाचार बाँड्ने शुभ अवसर तपाईंलाई दिइएको कुरालाई कहिल्यै नभुल्नुहोस्। तपाईं आफ्नै नाउँमा होइन, तर उहाँको नाउँमा बोल्नुहुन्छ। राजदूतले आफ्नै बारेमा बोल्दैनन्। उनले आफ्नो देशको बारेमा बोल्छन्।

येशूको नामले मात्र उद्धार गर्छ। उहाँको नामभन्दा बाहिर उद्धार छैन। त्यस अचम्भित नामद्वारा हामी परमेश्वरकहाँ गयौं भने, उहाँले हाम्रा पुकारा सुन्नुहुन्छ र हाम्रा प्रार्थनाहरूको जवाफ दिनुहुन्छ। ख्रीष्टले हामीलाई सुन र चाँदी दिएर राख्नुभएको छैन। तर उहाँले हामीलाई रुपियाँपैसाले किन्न नसकिने कुरा

दिनुभएको छ। उहाँले हामीलाई उहाँको अचम्भित नाम दिनुभएको छ। संसारभरि भएका करोड़ौं ख्रीष्टियानहरूले उहाँको नाउँमा भजन गाउँदा अचम्म मान्नुपर्दैन। "त्यस नामको बारेमा केही कुरा छ!"

> उहाँको नाउँ उदेकका, युक्ति निकाल्नुहुने, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाइनेछ (यशैया ९:६)।

**तपाईंको अभ्यासको निम्ति**

८ येशूको कामलाई शैतानले रोक्न खोज्दा त्यसलाई हटाउनको निम्ति उहाँले कुन हतियार प्रयोग गर्नुभयो?

..........................................................................

९ येशूले हामीलाई कस्तो किसिमको विशेष हतियार दिनुभएको छ? ..........................................................................

१० तपाईंले परमेश्वरका हातहतियारलाई धारणा गर्नु भएन भने तपाईंलाई के हुन सक्छ?

क) परमेश्वरको आज्ञा पालन गर्नबाट तपाईंलाई रोक्न शैतानलाई सजिलो पर्छ।

ख) परमेश्वरको आज्ञा पालन गर्नबाट शैतानले तपाईंलाई रोक्नै सक्दैन।

११ आफूले लगाउनुभएको हातहतियार देखाउनको लागि तलको खाली ठाउँमा × चिन्ह लगाउनुहोस्।

| | | छ | छैन |
|---|---|---|---|
| कम्मर-पेटी | ............................ | ........ | ........ |
| छाती-पाता | ............................ | ........ | ........ |
| जुत्ता | ............................ | ........ | ........ |
| ढाल | ............................ | ........ | ........ |
| टोप | ............................ | ........ | ........ |
| तरवार | ............................ | ........ | ........ |

पाठ २ अध्ययन गर्नुहुँदा आनन्दित हुनुभयो होला भन्ने कुरामा म आशावादी छु। अब फेरि तपाईंले आफ्नो अध्ययन शुरू गर्नुभन्दा पहिले, ख्रीष्टलाई चिन्नका लागि तपाईंले सहायता पुऱ्याउन सक्नुहुने व्यक्तिको बारेमा विचार गर्नुहोस् भनी म तपाईंसँग बिन्ती गर्छु। तपाईं आफैले ख्रीष्टलाई मुक्तिदाताका रूपमा ग्रहण गर्नुभएको अनुभवलाई यस व्यक्तिसँग बाँड्नका लागि परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नुहोस्। ती व्यक्तिको नाम यहाँ लेख्नुहोस् र उनको निम्ति प्रार्थना गर्नुहोस्।

.............................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क) ठीक।
ख) बेठीक।
ग) ठीक।
घ ठीक।
ङ ठीक।
च बेठीक।

२ शक्ति, प्रेम।

३ जीवनभरि नै।

४ शक्ति, साक्षी।

५ समस्याहरू, सहायता।

६ क) हो
ख) हो
ग) होइन

७ तिनीहरूले अरूहरूलाई ख्रीष्टकहाँ डोऱ्याए।

८ परमेश्वरको वचन

९ उहाँको नाम।

१० परमेश्वरको आज्ञा पालन गर्नबाट तपाईंलाई रोक्न शैतानलाई सजिलो पर्छ।

११ यदि तपाईंले 'छ'-को मुनि × चिन्ह लगाउन सक्नुभएन भने, उहाँका सबै हातहतियारहरू धारण गर्न सक्नका लागि परमेश्वरको सहायताको निम्ति उहाँसँग बिन्ती गर्नुहोस्।